# सूचि दर्ता गर्ने बारे सूचना ।

सुचना प्रकाशित मिति २०८३/०२/२६

यस वित्तीय संस्थाको लागि आर्थिक वर्ष २०८३/८४ मा आवश्यक पर्ने तपसिलमा उल्लिखित सामान तथा विविध प्रकारका सेवाहरु आपूर्ति गर्ने प्रयोजनको लागि सम्बन्धित विषयको कारोबार गर्न स्वीकृत प्राप्त गरेको अनुभवी तथा इच्छुक फर्म, कम्पनी, परामर्शदाता, सेवा प्रदायक वा सप्लायर्सहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएका छ । देहाय बमोजिमका सामाग्री आपूर्ति तथा सेवाहरु उपलब्ध गराउन इजाजत प्राप्त फर्म, कम्पनी एवं संस्थाहरु र दर्तावाल इच्छुक व्यक्तिहरुबाट मौजुदा सूचिमा दर्ताका लागि आवश्यक कागजात संलग्न गरी https://vms.skbbl.com.np/ विद्युतीय प्रविधि मार्फत दरखास्त दर्ता गराउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

**आपूर्ति गर्नु पर्ने मालसामान तथा सेवाको विवरण**

**क) मालसामान आपूर्ति तथा मर्मत तर्फ**

१. मसलन्द सामान छपाई, स्टेशनरी तथा फुटकर सामान आपूर्ति, पत्रिका आपूर्ति,विभिन्न ब्रोसर, होडिङ्ग बोर्ड, साईन बोर्ड, फ्लेक्स, ब्यानर, पत्रिका एवं पुस्तक डिजाइन, भिडियो छायाङ्कन तथा आपूर्ति सम्बन्धी कार्य ।

२. कार्यालय सामानहरु, विभिन्न प्रकारका कम्प्युटर, ल्यापटप, प्रिन्टर, स्क्यानर, एल.सि.डि., फ्याक्स, प्रोजेक्टर तथा यु.पि.एस., इन्भर्टर, जेनेरेटर, एसी, व्याट्रीहरु, नविकरणीय/सौर्य उर्जा उपकरणहरु, सि सी टि भी क्यामेरा, पंखा, भ्याकुम क्लिनर, फ्रिज, सवारी साधन, सवारी साधनका पार्टपुर्जा आपूर्ति तथा मर्मत कार्य, अन्य विद्युतिय उपकरणहरु आपूर्ति तथा मर्मत सम्बन्धी कार्य ।

३. सफ्टवेयर आपूर्ति तथा अपग्रेडेसन, ईमेल/इन्टरनेट सम्बन्धी कार्य, सर्भर आपूर्ति तथा मर्मत सम्बन्धी कार्यहरु, सूचना प्रविधि सम्बन्धी उपकरणहरु आपूर्ति तथा मर्मत सम्बन्धी कार्य, विभिन्न प्रकारका इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स सामान आपूर्ति तथा सो को मर्मत सम्बन्धी कार्य ।

४. आन्तरिक तथा अन्तराष्ट्रिय हवाई टिकट आपूर्ति कार्य,

५. विभिन्न प्रकारका काठ तथा स्टील फर्निचर सामानहरु, सेफ, आदि मर्मत तथा आपूर्ति कार्य, पर्दा, कार्पेट, डोरमेट, सोफा खोल, कार्पेटिङ, फ्लोरिङ्ग सामान, तथा सो को मर्मत तथा आपूर्ति सम्बन्धी कार्य हार्डवेयर तथा फिटिङ सम्बन्धी कार्य ।

६. विद्युत, आन्तरिक टेलिफोन विस्तार, पलम्बिङ्ग सम्बन्धी सामान आपूर्ति तथा सो को मर्मत सम्बन्धी कार्य, खानेपानी आपूर्ति कार्य,सरसफाई सामान आपूर्ति कार्य ।

७. अग्नि नियन्त्रण तथा सुरक्षा सम्बन्धी उपकरणहरू तथा अन्य सामाग्रीहरु मर्मत तथा आपूर्ति कार्य ।

**ख) परामर्श तथा अन्य सेवा तर्फ**

१. सूचना प्रविधि तथा कम्प्युटर ईन्जिनियरिङ सेवा, ईन्टरनेट/ईमेल सेवा, नेटवर्किङ सेवा, सिस्टम अडिट सेवा लगायतका सूचना प्रविधि सम्बन्धी सेवाहरु ।

२. कुरियर सेवा, ढुवानी सेवा, ट्रान्सपोर्ट सम्बन्धी सेवा, सुरक्षा सेवा, बीमा सेवा, ईभेन्ट म्यानेजमेन्ट सेवा, होटल तथा क्याटरिङ्ग सेवा, फोटोग्राफी सम्बन्धी सेवा, श्रव्य दृश्य सामाग्री निर्माण सेवा ।

३. सरसफाई सेवा, बगैंचा/नर्सरी व्यवस्थापन सेवा, विज्ञापन तथा विज्ञापन एजेन्सी सम्बन्धी सेवा, कपडा धुलाई (लन्ड्री) सेवा, Sewarage तथा Sanitary सेवा ।

४. पुरानो सामान खरिद विक्री सेवा ।

**<u>ग) निर्माण तर्फ</u>**

१. भवन निर्माण सेवा, ग्रील वर्क्स, भवन संभार सम्बन्धी कार्यहरु, रूम पार्टीसन, आन्तरिक सजावटको सामान आपूर्ति तथा निर्माण कार्य ।

**<u>सूचि दर्ताका साथ पेश गर्नुपर्ने कागजातहरु :</u>**

(क) संस्था वा फर्म दर्ताको नविकरण सहितको प्रमाणपत्र,

(ख) मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्वर दर्ताको प्रमाणपत्र,

(ग) अघिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणपत्र,

(घ) कुन खरिदको लागि मौजुदा सूचीमा दर्ता हुन निवेदन दिने हो, सो कामको लागि इजाजत पत्र आवश्यक पर्ने भएमा सो को प्रतिलिपि

(ङ) कालो सूचिमा नपरेको र सार्वजनिक खरिद कार्यका लागि अयोग्य नभएको स्वघोषणा

**<u>थप जानकारीहरु :</u>**

- सूचिकरण गर्ने नगर्ने सम्पुर्ण अधिकार यस वित्तीय संस्थामा निहित रहने छ र सुचिकृत भएका सबै फर्महरुलाई जानकारी गराउन वित्तीय संस्था बाध्य हुने छैन ।
- सूचिकरण भित्र परेका फर्महरुबाट वित्तीय संस्थाले आवश्यकता अनुसार दरभाउपत्र वा बोलपत्रको माध्यमबाट मालसामान वा सेवा खरिद गर्न सक्ने छ ।
- सूचिकृत फर्म वा कम्पनीले सन्तोसजनक सेवा प्रदान गर्न नसकेमा वा मालसामान दिन नसके विना सूचना सूचिबाट हटाउन सकिने छ । यस उपर कुनै कतै दावि बिरोध गर्न पाईने छैन ।

**साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.**
केन्द्रीय कार्यालय,बबरमहल,काठमाडौँ,
फोन न. ०१-५३२०९१३, ०१-५९०९६१२, ०१-४१११८९५